नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८] काठमाडौं, जेठ १६ गते २०३५ साल [संख्या ७

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

सरकारी रकम असूल फछ्र्यौट (पहिलो संशोधन) नियमहरू, २०३५

सरकारी रकम असूल फछ्र्यौट नियमहरू, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सरकारी रकम असूल फछ्र्यौट ऐन, २०२५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महालेखापरीक्षकको परामर्श लिई देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सरकारी रकम असूल फछ्र्यौट (पहिलो संशोधन) नियमहरू, २०३५" रहेको छ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन्।

२. सरकारी रकम असूल फछ्र्यौट नियमहरू, २०२७ को नियम २ मा संशोधन :

सरकारी रकम असूल फछ्र्यौट नियमहरू, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,–

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) "बेरूजु" भन्नाले आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षणबाट देखिएको वा ठहरिएको कुनै सरकारी आर्थिक कारोवारको अनियमित रकमलाई सम्झनुपर्छ ।"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः–

"(ग१) "असूल गर्नुपर्ने बेरूजु रकम" भन्नाले नियमित हुन नसकेको बेरूजु मध्ये मिनहा नभएको वा मिनहाको लागि प्रचलित नेपाल कानूनले कारवाई गर्न नमिल्ने बेरूजु सम्झनुपर्छ र सो शब्दले श्री ५ को सरकारसित गरेको शर्तनामा अनुसार बुझाउन बाँकी ठहरिएको रकमलाई समेत जनाउँछ ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ:–

"७. बेरूजुको स्पष्टीकरण माग गर्ने: (१) आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरूजुहरूको सम्बन्धमा लेखा उत्तरदायी अधिकृतले सम्बन्धित जिम्मेवार व्यक्तिसित पैंतीस दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ र सो स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभए पनि लेखा उत्तरदायी अधिकृतले मनासिब देखेमा नियम ८ मा तोकिएको कार्यविधि अपनाई भ्रष्टाचार, मस्यौट वा हिनामिना भएको बाहेक अरू बेरूजु नियमित गर्ने कारवाई गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको म्याद पाई मुनासिब कारणले बाहेक सो म्यादभित्र सन्तोषजनक स्पष्टीकरण नदिने सरकारी कर्मचारी उपर निजको प्रचलित सेवा नियमावलीबमोजिम विभागीय कारवाई गरिनेछ ।"

४. मूल नियमावलीको नियम ८ मा संशोधन: मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ:–

"८. बेरूजु फछ्र्यौटसम्बन्धी व्यवस्था: (१) लेखा उत्तरदायी अधिकृतले प्रचलित नेपाल कानूनबमोजिम नियमित गरिदिन मिल्ने बेरूजु आफैले नियमित गर्न पर्नेछ ।

(२) लेखा उत्तरदायी अधिकृतले आफूले सोझै नियमित गर्न नमिली कुनै कार्यालय वा अधिकारी वा सम्बन्धित व्यक्ति वा कर्मचारी बुझी नियमित गर्न हुने बेरूजु सोबमोजिम बुझी नियमित गर्नु पर्नेछ ।

(३) प्रचलित नेपाल कानूनको रीत पुऱ्याउनु पर्नेमा सो रीतसम्म नपुऱ्याई अनियमित भएको तर सरकारी हानी नोक्सानी भएको नदेखिएको बेरूजु कार्यालय-प्रमुख वा विभागीय प्रमुखको सिफारिशमा सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको सचिवले नियमित गर्न सक्नेछ ।

(४) उप-नियम (१),(२) र (३) मा उल्लेख गरिएको बाहेक अन्य बेरूजुलाई सरकारी हानी नोक्सानी नभई नियमित गर्न लेखा उत्तरदायी अधिकृतले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनासिव कारण देखेमा र सो नियमित गर्न मिनहा दिनुपर्ने भएमा पच्चीस हजार रूपैयाँसम्म सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको सचिवले, सोभन्दा माथि पचास हजार रूपैयाँसम्म अर्थ मन्त्रालयको राय लिई विभागीय मन्त्रीले र पचास हजार रूपैयाँभन्दा माथि जतिसुकै रकमको मन्त्रिपरिषद्मा पेश गरी मिनहा दिन सक्नेछ ।"

५. मूल नियमावलीमा नियमहरू थपः मूल नियमावलीको नियम ८ पछि देहायका नियम ९,१०,११ र १२ थपिएका छन्ः–

"९. बेरूजुको लगत पठाउनुपर्नेः ऐनको दफा ९ ख. बमोजिम असूल उपर गर्नुपर्ने ठहरिएको बेरूजुको लगत लेखा उत्तरदायी अधिकृतले केन्द्रीय तहसील कार्यालयमा पठाउँदा देहायका विवरण खुलाई पठाउनु पर्नेछः–

(क) जिम्मेवार व्यक्ति सरकारी कर्मचारी भएमा–
  (१) निजको नाम, थर र वतन,
  (२) निज बहाल रहेको कार्यालय र दर्जा ।

(ख) जिम्मेवार व्यक्ति गैर सरकारी व्यक्ति भएमा–
  (१) निजको तीन पुस्ते नाम, थर र वतन,
  (२) निजले जिम्मा लिएको काम,
  (३) असूल गर्नुपर्ने कारण,
  (४) निजले लिएको पेश्की रकम,
  (५) पेश्की रकम दिने अधिकृतको नाम, दर्जा र कार्यालय,
  (६) जेथा वा धनजमानी दिएको भए त्यसको विवरण र जमानीपत्र,
  (७) जेथा वा धनजमानी लिने अधिकृतको नाम, दर्जा र कार्यालय,
  (८) जेथाजमानी रोक्का गरिएको भए त्यसको विवरण ।"

"१०. केन्द्रीय तहसील कार्यालयले असूल फछ्र्यौट गर्नेः (१) नियम ९ बमोजिमको बेरूजुको लगत केन्द्रीय तहसील कार्यालयमा प्राप्त भएपछि केन्द्रीय तहसील कार्यालयले जिम्मेवार व्यक्तिलाई असूल गर्नुपर्ने रकम बुझाउन पैंतीस दिनको म्याद दिई सूचना पठाउनेछ ।

(२) उप–नियम (१) बमोजिमको म्यादभित्र असूल गर्नुपर्ने रकम बुझाउन नसकी सम्बन्धित जिम्मेवार व्यक्तिले सोही म्यादभित्र थप म्यादको निमित्त निवेदन गरेमा केन्द्रीय तहसील कार्यालयले अवस्था हेरी बढीमा छ महीनासम्मको म्याद थप गर्न सक्नेछ । थप म्यादभित्र पनि असूल गर्नुपर्ने रकम बुझाउन सकेन भने त्यस्तो बेरूजु रकम केन्द्रीय तहसील कार्यालयले जिम्मेवार व्यक्तिको जायजेथा सरकारी बाँकी सरह लिलाम बिक्री गरी असूल उपर गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने बेरूजु रकम केन्द्रीय तहसील कार्यालयले देहायका जिम्मेवार व्यक्तिबाट देहायबमोजिम कारवाई गरी असूल गर्न उपयुक्त देखेमा सोहीबमोजिम कारवाई चलाउन सक्नेछः–

(क) जिम्मेवार व्यक्ति सरकारी कर्मचारी भएमा निजको पारिश्रमिकबाट कट्टा गरी असूल गर्नुपर्ने बेरूजु रकम असूल गर्न सकिनेछ ।

(ख) जिम्मेवार व्यक्ति सरकारी सेवाबाट बहाल टुटिसकेको व्यक्ति भएमा निजबाट असूल गर्नुपर्ने रकम निजले पाउने उपदान वा निवृत्तभरणबाट कट्टा गरी असूल गर्न सकिनेछ । केन्द्रीय तहसील कार्यालयबाट त्यसरी उपदान वा निवृत्तभरणबाट कट्टा गर्न लेखी आएमा निजामती किताबखानाले पनि सोहीबमोजिम कारवाई गर्नुपर्नेछ ।

(ग) जिम्मेवार व्यक्ति गैर सरकारी व्यक्ति रहेछ र निजले सरकारी काम फछर्याउन धरौट (अर्नेस्ट मनी, डिपोजिट आदि) राखेको रहेछ वा निजलाई बीलको भुक्तानी वा अन्य कुनै रकम दिन बाँकी रहेछ भने त्यस्तो धरौटी वा बाँकी रकम जफत गरी निजबाट असूल गर्नुपर्ने बेरूजु रकम असूल गर्न सकिनेछ।"

"११. मिनहा दिने अधिकार : (१) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असूल गर्नुपर्ने बेरूजु रकममध्ये जिम्मेवार व्यक्ति मरी वा जिम्मेवार व्यक्तिको घरद्वार जायजेथा पत्ता लाग्न नसकी वा नियम १० को उप–नियम (२) बमोजिम जायजेथा लिलाम बिक्री गर्दा बाँकी रहेको वा यस्तै अन्य कारणले असूल हुन नसकेको रकम पच्चीससय रूपैयाँसम्म भए केन्द्रीय तहसील कार्यालयले, सोभन्दा माथि एकलाख रूपैयाँसम्म भए उप–नियम (२) बमोजिम गठित समितिले र सोभन्दा माथि जतिसुकै रकम भए सो समितिको सिफारिशमा मन्त्रिपरिषद्ले मिनहा दिन सक्नेछ।

(२) उप–नियम (१) बमोजिम एकलाख रूपैयाँसम्म मिनहा दिन र सोभन्दा बढी रकमको हकमा सिफारिश गर्न देहायबमोजिम एक समितिको गठन हुनेछ :–

(क) मुख्य सचिव	–	–	–	अध्यक्ष
(ख) अर्थ सचिव	–	–	–	सदस्य
(ग) महालेखा नियन्त्रक	–	–	–	सदस्य

(३) महालेखा नियन्त्रकले तोकेको महालेखापाल सो समितिको सचिव हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप–नियम (२) बमोजिम गठित समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।"

"१२. सहयोग गर्नुपर्ने: यी नियमहरूबमोजिम बाँकी बालाको जायजेथा लिलाम बिक्री गरी बेरूजु रकम असूल उपर गर्दा कसैले बाधा विरोध गरेमा स्थानीय प्रशासन र प्रहरी कार्यालयको सहयोग लिन सकिनेछ। यसरी सहयोगको माग भएमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।"

आज्ञाले–
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।